# मिथिला नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ढल्केवर, धनुषा
मधेश प्रदेश, नेपाल
(प्रशासन शाखा)


पत्र सं. :- ०८०/०८१
चलानी नं.:- ११८६

मिति : वि.सं. २०८०/१०/२९
ने.सं.:११४४, सिल्लाथ्व, ३ सोमवार

विषय : आवश्यक कारवाही सम्बन्धमा।

श्री वडा कार्यालय सबै,
मिथिला नगरपालिका, धनुषा ।

उपरोक्त सम्बन्धमा जिल्ला प्रशासन कार्यालय धनुषा, जनकपुरधामको पत्र सं.०८०/०८१(प्रशा.) चलानी नं.१०४६४ मिति २०८०/१०/२८ को पत्र यसै पत्रसाथ संलग्न गरिएकोले व्यहोरा सोही पत्रबाट अवगत गर्नु भई सोही वमोजिम गर्नु/गराउनु हुन अनुरोध छ ।

..............................
(राज कुमार दास)
प्रमुख प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय,धनुषा
जनकपुरधाम
कार्यालय :-०४१-५२००३५
०४१-४२०५१०
E-mail : daodhanusha@moha.gov.np
daodhanusha20@gmail.com

पत्र संख्या : ०८०/०८१(प्रशा.)
चलानी नं.: १०४६४

मितिः- २०८०/१०/२८

श्री १८ वटै स्थानीय तह,
धनुषा ।

मिथिला नगरपालिका
धनुषा
दर्ता नं.- ३२४४
मिति २०८०/१०/२९

विषयः- राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने सम्बन्धमा ।

प्रस्तुत विषयमा सदाझै राष्ट्रिय प्रजातन्त्र दिवस, २०८० (फाल्गुण ६, ७ र ८ गते तीन दिनसम्म) नेपाल राज्यभर र विदेशस्थित कुटनीतिक नियोगहरुमा समेत भव्यतासाथ मनाउने सन्दर्भमा राष्ट्रिय प्रजातन्त्र दिवस, २०८० मूल समारोह समितिका अध्यक्ष सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" ज्यूको अध्यक्षतामा २०८०/१०/२६ गते शुक्रवार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा बसेको बैठकबाट अनुमोदित कार्यक्रम अनुसार जिल्लाहरुमा तपसिल बमोजिमका कार्यक्रम सहित दिवस मनाउने व्यवस्था मिलाउनु हुन भनी गृह मन्त्रालय, कार्यालय व्यवस्थापन तथा जिन्सी शाखाको च.नं ६१३ मिति २०८०/१०/२८ गतेको पत्रबाट लेखि आएकोले उक्त कार्यक्रम हर्षोल्लासपूर्वक भव्यतासाथ मनाउनु हुन आदेशानुसार अनुरोध छ ।

तपसिल

१. फागुन ६, ७ र ८ गते तीन दिनसम्म जिल्लास्थित सबै सरकारी निकाय, प्रतिष्ठान तथा संघ-संस्थाका कार्यालयहरुको छत, बरण्डा र परिसरमा निर्धारित साइजका राष्ट्रिय झण्डा मर्यादापूर्वक राखी सजाउने र साँझ सम्पूर्ण कार्यालयहरु र जिल्लावासीहरुका घर-घरमा समेत दीप प्रज्ज्वलन गर्ने व्यवस्थाका लागि आवश्यक समन्वय गर्ने ।
२. माननीय मुख्यमन्त्रीज्यूको संयोजकत्वको प्रदेशस्तरीय "राष्ट्रिय प्रजातन्त्र दिवस समारोह समिति" जिल्ला समन्वय प्रमुख संयोजकत्वको जिल्लास्तरीय समिति र स्थानीय पालिका प्रमुखको संयोजकत्वको "राष्ट्रिय प्रजातन्त्र दिवस कार्यक्रम आयोजक समिति" द्वारा सञ्चालन हुने कार्यक्रमहरुमा आवश्यक समन्वय, सहजीकरण तथा शान्ति सुरक्षाको व्यवस्था मिलाउने ।
३. जिल्ला स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी तथा स्वास्थ्य सेवा सम्बद्ध सरकारी, गैह्र सरकारी तथा सामुदायिक संघ-संस्थाद्वारा रक्तदान, स्वास्थ्य सचेतनामूलक कार्यक्रम एवम् स्थानीय तह र शिक्षा सम्बद्ध निकाय तथा संघ-संस्थाद्वारा फरक क्षमताका विद्यार्थीहरुका लागि हितकर शैक्षिक तथा खेलकुद सामग्री वितरण लगायतका कार्यक्रम आयोजना गर्न प्रोत्साहन, सहजीकरण र समुचित समन्वय गर्ने ।
४. दिवस अवधिमा जिल्लामा रहेका सार्वजनिक महत्वका स्थानहरु, सामाजिक-साँस्कृतिक तथा ऐतिहासिक पुरातात्विक महत्वका सम्पदास्थलहरुको सरसफाइ सहित परिसर एवम् समस्थ स्थलहरुमा निर्वाचित जनप्रतिनिधि, स्थानीय समाजसेवी, राष्ट्रसेवक कर्मचारी एवम् सुरक्षाकर्मीहरु समेतको सामुहिक सहभागितामा साँझ दीप प्रज्ज्वलन गर्ने व्यवस्था मिलाउने ।
५. जिल्लामा आयोजना तथा सञ्चालन भएका दिवस सम्बद्ध कार्यक्रमहरुको संक्षिप्त विवरण मन्त्रालयमा समेत जानकारीको लागि संप्रेषण गर्ने ।

२०८०/१०/२८
निरज कुमार श्रीवास्तव
प्रशासकीय अधिकृत